**काठमाडौं स्कुल अफ ल**
**सूर्यविनायक-४, भक्तपुर**
**फोन : ६६३४४५५,**
**Website: www.ksl.edu.np**

# शोधपत्र तयारी, प्रस्तुति तथा मूल्याङ्कन सम्बन्धी विनियमावली, २०७७

## १. नाम र प्रारम्भ

१) यस विनियमावलीको नाम **शोधपत्र तयारी, प्रस्तुति तथा मूल्याङ्कन सम्बन्धी विनियमावली, २०७७** रहेको छ ।

२) यस विनियमावली काठमाडौं स्कुल अफ लको व्यवस्थापन समितिले पारित गरेको मितिबाट लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

क) **'विश्वविद्यालय'** भन्नाले पूर्वाञ्चल विश्वविद्यालय सम्झनु पर्छ ।

ख) **'कलेज'** भन्नाले काठमाडौं स्कुल अफ ल सम्झनु पर्छ ।

ग) **'शोधपत्र (Dissertation)'** भन्नाले बि.ए.एलएल.बी., एलएल.एम. र एम.ए. तहका विद्यार्थीले शैक्षिक कार्यक्रमको अन्तिम वर्षमा शोध अनुसन्धान गरी विश्वविद्यालयमा बुझाउनुपर्ने शोधपत्र (Dissertation) सम्झनु पर्छ ।

घ) **'सुपरीवेक्षक (Supervisor)'** भन्नाले कम्तिमा स्नातकोत्तर तह पूरा गरेको र सम्बन्धित विषयमा कम्तिमा १ वर्ष भन्दा बढि समयदेखि यसै स्कुलमा अध्यापन गराईरहेको व्यक्ति, वा गैर शिक्षण जिम्मेवारीमा रहेको सवालमा सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्ष कार्य सम्पादन गरी आफ्नो क्षेत्रमा विशेषज्ञता हासिल गरेको व्यक्ति वा सोही विज्ञताका नेपाल सरकारका वरिष्ठ कर्मचारीहरू वा आफ्नो क्षेत्रमा विशेषज्ञता हासिल गरेका अन्य व्यक्तिहरू मध्येबाट शोधपत्र तयार गर्ने विद्यार्थीलाई निर्देशन तथा सुपरीवेक्षण गर्ने प्रयोजनका लागि कलेजबाट तोकिएको आधिकारिक व्यक्ति सम्झनु पर्छ ।

ङ) **'वाह्य परीक्षक (External Expert)'** भन्नाले विद्यार्थीले अध्ययन समापन गरी निर्देशित ढाँचामा बुझाएको पूर्ण शोधपत्र परीक्षण गर्नको लागि सुपरीवेक्षक हुन योग्यता पुगेको व्यक्तिमध्येबाट विश्वविद्यालयले नियुक्त गरेको व्यक्तिलाई जनाउनेछ ।

च) **'प्रस्तावना (Proposal)'** भन्नाले विद्यार्थीले विनियम ३ को ढाँचामा आफूले तयार गर्ने शोधपत्रको प्रारम्भिक सार स्वरुप तथा विवरणलाई बुझाउनेछ ।

छ) **'उद्दरण निर्देशिका (Citation Guideline)'** भन्नाले कलेजले जारी गरेको उद्दरण निर्देशिका सम्झनु पर्छ ।

३. **सुपरिवेक्षकको नियुक्तिः** शोधपत्र तयार गर्ने विद्यार्थीलाई निर्देशन तथा सुपरीवेक्षण गर्ने प्रयोजनका लागि कलेजमा आवश्यक पक्षसँग सरसल्लाह गरी अनुसन्धान विभागको संयोजक अथवा विभागले अख्तियारी दिएको अन्य सदस्यले सुपरीवेक्षक तोक्नेछ ।

४. **शोधपत्रको प्रस्तावनाः** शोधपत्रको प्रस्तावना (Proposal) मा निम्न कुराहरू उल्लेखित हुनुपर्नेछ ।

१) **परिच्छेद - एक**

**परिचय**

(क) पृष्ठभूमी (Background): कम्तिमा २०० शब्दको हुनुपर्नेछ ।

(ख) परिचय (Introduction): अनुसन्धानको प्रस्तावित शिर्षकमा भएका मुख्य शब्दावलीहरुको व्याख्या, वर्तमान अवस्थिति, सम्भावित सम्बन्धको व्याख्या गर्ने ।

(ग) अनुसन्धान गर्न खोजिएको मूल समस्या (Research Problem)

(घ) अनुसन्धानको उद्देश्य (Objective of Research)

(ङ) आवश्यक भएमा पूर्वपरिकल्पना (Hypothesis, if necessary)

(च) परिचय र अनुसन्धानको औचित्य ( Rationales of the Study): अनुसन्धानको प्रस्तावित शिर्षकमा अनुसन्धान गर्नुपर्ने कारण खुलाउनु पर्ने । औचित्य खुलाउँदा ज्ञानको क्षेत्रमा देखिने योगदान तथा सामाजिक व्यवहार अथवा नियमनकारी निकाय वा अन्य  यसका प्रत्यक्ष लाभग्राहीलाई हुनसक्ने फाइदा वा सहयोगका बारेमा बुँदागत रुपमा प्रस्तुत गर्ने

(छ) सीमितता (Limitation)

(ज) शोधपत्रको संरचना (Organization of the Dissertation)

२) **परिच्छेद - दुई**

**पूर्वशोधकार्यको समीक्षा र मूल्याङ्कन (Literature Review)** : यसमा सम्बन्धित विषयको स्नातक तहमा कम्तिमा ६ वटा र स्नातकोत्तर तहमा कम्तिमा १० वटा

पूर्वप्रकाशित पुस्तक, लेख, रचना र अनुसन्धानमूलक सामग्रीको अध्ययन र त्यसले दिएको उपलब्धिको समीक्षा उल्लेखित हुनुपर्नेछ ।

३) **परिच्छेद - तीन**

**शोधपद्धति (Methodology)** : यसमा शोधकर्ताले निम्न बुँदामा आफ्नो कार्ययोजना उल्लेखित गर्नुपर्नेछ ।

(क) ढाँचा (Design)

(ख) तथ्याङ्कको प्रकृति र स्रोत (Nature and Sources of Data)

(ग) शोधकार्यको क्षेत्र (Universe/Population)

(घ) नमुना छनौट पद्धति (Sampling Method)

(ङ) तथ्याङ्क संकलनको प्रविधि (Technique of Data Collection)

(च) तथ्याङ्कको प्रस्तुति र विश्लेषण (Presentation/Analysis of Data)

४) **सन्दर्भ सामग्री सूची (Bibliography)** : यसमा प्रस्तावना तयार गर्दा अध्ययन गरिएको सामग्रीहरूको सूची उल्लेखित हुनुपर्नेछ । यस्तो सूची कलेजले तोकेको साईटेसन निर्देशिका (Citation Guideline) अनुरुप वर्णानुक्रमानुसार हुनुपर्नेछ ।

**५. शोधपत्र तयार गर्दा अपनाउनुपर्ने न्यूनतम कुराहरू**

१) विनियम ४ मा उल्लेखित प्रस्तावनाको ढाँचामा नै शोधपत्र तयार गर्नुपर्नेछ र त्यसरी तयार गरिने शोधपत्रमा निम्न कुरा उल्लेखित हुनुपर्नेछ ।

**क) परिच्छेद एक**

**परिचय (Introduction)**

यस परिच्छेदमा कम्तिमा तलका शिर्षकहरू समेटिएको हुनुपर्छ ।

(क) पृष्ठभूमी (Background):

(ख) परिचय (Introduction): अनुसन्धानको प्रस्तावित शिर्षकमा भएका मुख्य शब्दावलीहरुको व्याख्या, वर्तमान अवस्थिति, सम्भावित सम्बन्धको व्याख्या गर्ने ।

(ग) अनुसन्धान गर्न खोजिएको मूल समस्या (Research Problem)

(घ) अनुसन्धानको उद्देश्य (Objective of Research)

(ङ) आवश्यक भएमा पूर्वपरिकल्पना (Hypothesis, if necessary)

(च) परिचय र अनुसन्धानको औचित्य (Rationales of the Study): अनुसन्धानको प्रस्तावित शिर्षकमा अनुसन्धान गर्नुपर्ने कारण खुलाउनु पर्ने । औचित्य खुलाउँदा ज्ञानको क्षेत्रमा देखिने योगदान तथा सामाजिक व्यवहार अथवा नियमनकारी निकाय वा अन्य यसका प्रत्यक्ष लाभग्राहीलाई हुनसक्ने फाइदा वा सहयोगका बारेमा बुँदागत रुपमा प्रस्तुत गर्ने

(छ) सीमितता (Limitation)

(ज) शोधपत्रको संरचना (Organization of the Dissertation)

**ख) परिच्छेद दुई**

**पूर्वशोधकार्यको समीक्षा र मूल्याङ्कन (Literature Review)**

पूर्ण शोधपत्र तयारी गर्न पूर्वशोधकार्यको समीक्षा परिच्छेदमा सम्बन्धित विषयको स्नातक तहमा कम्तिमा १२ वटा र स्नातकोत्तर तहमा कम्तिमा २० वटा पूर्वप्रकाशित पुस्तक, लेख, रचना र अनुसन्धानमूलक सामग्रीको अध्ययन र त्यसले दिएको उपलब्धिको समीक्षा उल्लेखित हुनुपर्नेछ । पूर्वकार्य छनौट गर्दा एकै प्रकारको मात्र नभै फरक फरक प्रकृतिका प्रकाशित कृतिहरुलाई समावेश गर्नुपर्ने छ । कुनै पनि विषयका प्रारिम्भक तथा आधारभुत सामाग्रि बाहेक अन्य विचारमुलक कृति वा सामाग्रिको छनौट गर्दा अधिकतम १० वर्ष सम्म पुरानो मात्र कृति लिन पाइने छ । स्वदेशी लेखकका कृतिहरुसमेतलाई सम्भव भए सम्म प्रयोग गर्नुपर्नेछ । यस परिच्छेद सर्म्पुण शोधको कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ ।

**ग) परिच्छेद तीन**

**शोधपद्धति (Methodology)**

यसमा शोधकर्ताले निम्न बुँदामा आफ्नो शोधकार्य तथा अध्ययन विधिमा प्रयोग भएको अभ्यासको बारेमा संक्षिप्तमा जनाकारी गर्नुपर्नेछ ।

क) ढाँचा (Design)

ख) तथ्याङ्कको प्रकृति र स्रोत (Nature and Sources of Data)

ग) शोधकार्यको क्षेत्र (Universe/Population)

घ) नमुना छनौट पद्धति (Sampling Method)

ङ) तथ्याङ्क संकलनको प्रविधि (Technique of Data Collection)

च) तथ्याङ्कको प्रस्तुति र विश्लेषण (Presentation/Analysis of Data)

**घ) परिच्छेद चार**

**अध्ययनको विषयवस्तु/विषयवस्तुको विश्लेषण (Subject Matter of the Study/Content Analysis)**

यसमा शोधकर्ताबाट अध्ययन भएको विषय, अध्ययनले देखाएको वास्तविक अवस्था, समाजमा त्यस्तो अभ्यास आदिका बारेमा व्याख्या गर्नु पर्नेछ । पूर्वकार्य समिक्षामा प्रयोग गरिएका कृतिलाई विश्लेषण अध्ययनको लागिसमेत प्रयोग हुने कृति वा श्रोत मान्न पाइने छैन । परिक्षणात्मक अनुसन्धान अथवा प्रश्नावली ढाँचाको समेत प्रयोग गर्ने आशयले छनौट भएका नमुनाबाट उनीहरूको अवधारणा संकलन गरिएको भएमा तथ्यांकलाई प्रशोधन गरि त्यसबाट निष्कर्ष समेत निकाल्नु पर्नेछ । त्यस्तो प्रश्नावलीको नमुना शोधकार्यको अन्तिममा राख्नुपर्नेछ ।

**ङ) परिच्छेद पाँच**

**सारांश, निष्कर्ष तथा सुझाव (Conclusion, Findings and Recommendations)**

१) अध्ययनको समापन प्रस्तुती गर्दा देहायका कुराहरूमा ध्यान दिनुपर्नेछ ।

क) सारांशमा शोधकर्ताले अध्ययनको समयमा अनुभुत भएका कुरालाई बढिमा तिनवटा हरफमा प्रस्तुत गर्नुपर्ने छ ।

ख) निष्कर्ष शोधपत्रको उद्देश्यसँग मेलखाने गरि उद्देश्य अनुरुप के पत्ता लाग्यो भनेर बुँदागत रुपमा हुनुपर्ने छ । जति उद्देश्य तोकिएका छन्, त्यति नै संख्यामा निष्कर्ष हुनुपर्दछ । शोध समस्या, उद्देश्य तथा निर्ष्कष आशय र क्रमागत रुप दुवैमा पूर्ण मेल खाने हुनुपर्दछ ।

ग) सुझावमा भने शोधकर्तालाई अध्ययनको विषय र निष्कर्षको आधारमा लागेको सुझाव दिन सकिनेछ ।

२) शोधपत्र तथा प्रस्तावना तयार गर्दा स्रोत संकेत अथवा उद्धरण (Citation) गरिएका लेखक तथा कृतिको ढाँचा तथा विवरण कलेजले तोकेको उद्दरण निर्देशिका (Citation Guideline) बमोजिम हुनुपर्नेछ ।

३) शोधपत्र तयार गर्दा स्नातकोत्तर तहमा २५,००० देखि ३०,००० शब्द सीमाभित्र रहेर तथा स्नातक तहमा १५,००० देखि २०,००० शब्द सीमाभित्र रहेर तयार हुनुपर्नेछ ।

२) माथि जुनसुकै कुरा लेखिएको भए तापनि परिच्छेद विभाजनमा शोध सुपरीवेक्षकले महशुस गरेको आवश्यकतानुसार सामान्य फेरबदल हुन सक्नेछ ।

६. **शोधपत्र तयार पार्दा ध्यान दिनुपर्ने अन्य कुराहरूः** शोधपत्र तयार पार्दा देहायका कुराहरूमा पनि ध्यान दिनुपर्नेछ ।

१) Margin : दायाँ वायाँ १.२५ देखि १.५० इन्च, शिरमा र पुच्छरमा १ इन्च छोड्नुपर्नेछ ।

२) Header र Footer Margin (पेज नम्बरको लागि): Header र Footer दुवैमा ०.५ इन्च छोडनुपर्नेछ ।

३) Font Type : Garamond

४) Font Size : Body Text लेखाइ Garamond मा 12 point, Sentence case ।

५). Page Heading and Chapter Heading : यसको Font Size Body Text भन्दा 4 point ठूलो, Bold, Central Aligned र UPPER CASE मा हुनुपर्नेछ ।

६) Title : यसको Font Size Body Text भन्दा 2 point ठूलो र Bold, Proper Case and Left Aligned हुनुपर्नेछ । Sub-Title : यसको Font Size Body Text बराबर तर Bold, Proper Case and Left Aligned हुनुपर्नेछ ।

७) Line Spacing: Body Text को लागि 1.5 Line Spacing राख्नुपर्नेछ ।

८) Footnote : यसको Font Size Body Text भन्दा 2 point सानो हुनुपर्नेछ ।

९) Footnote Line Spacing: Single (Default)

१०) Paragraph Spacing: Double/

११) परिच्छेद १ भन्दा अगाडिको प्रारम्भिक सेक्सनमा Cover Page, Title Page, Recommendation, Approval Letter, Letter of Acceptance, Letter of Declaration, Acknowledgement, Executive Summary/Abstract, List of Tables, List of Figures, List of Cases, Abbreviations (in alphabetical order), Table of Contents लाई क्रमागतरुपमा मिलाएर राख्नुपर्नेछ ।

१२) शोधपत्र ए फोर साईजको सेतो कागजमा एकापट्टि मात्र प्रिन्ट गर्नुपर्नेछ । एउटा हरफ १० देखी १३ लाईन भन्दा बढिको बनाउनु हुनेछैन । लैंगिक विभेद वा विरोधाभाष हुने शब्दहरु प्रयोग गर्न पाईने छैन ।

१३) प्रारिम्भिक सेक्सनको पेजको अन्तिममा बिचको भागमा पर्ने गरी रोमन प्रणाली ( i.e. i, ii, iii, and iv ) भनेर पेज नम्वर प्रविष्ठ गर्नुपर्नेछ । मुल खण्ड परिच्छेद १ देखी अन्तिम सम्म पेजको अन्तिममा दायाँ भागमा पर्ने गरी अरबिक नम्वर प्रणालीमा लेखकको अन्तिमको नाम सहित ( i. e. Pandey, 1; Pandey, 2; Pandey, 3) भनेर पेज नम्वर राख्नुपर्नेछ ।

१४) Justified and Block Writing (No indent in beginning line of paragraph)

१५) परिच्छेदको नाममा Chapter 1, 2 को सट्टा Chapter One, Two भनेर अक्षरात्मक हिसाबमा उल्लेख गर्नुपर्ने छ ।

१६) यस विनियमावलीमा उल्लेख नभएको वा अन्य कुनै दुविधा देखिएमा कलेजले तोकेको उद्दरण निर्देशका (Citation Guideline) बमोजिम गर्नुपर्नेछ ।

## ७. सुपरीवेक्षकले सुपरीवेक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू

१) सुपरीवेक्षकले शोधपत्र सुपरीवेक्षण गर्दा देहायका कुराहरूमा ध्यान दिनुपर्नेछ ।

क) शोधपत्रको प्रस्तुती : तयार भएको शोधपत्र प्रस्तावना अनुसार भए-नभएको ।

ख) शोध पद्धतिः शोध पद्धति ठीक भए-नभएको ।

ग) उद्धहरण : विनियम ४.२ मा उल्लेखबमोजिम भए-नभएको ।

घ) विषयवस्तुः विषयवस्तुको प्रस्तुति, विश्लेषण र समीक्षा मौलिक र सान्दर्भिक भए-नभएको ।

ङ) भाषा : भाषा शुद्ध तथा पठनीय भए-नभएको ।

च) सन्दर्भसामग्री सूची : वर्णानुक्रमअनुरूप भए नभएको ।

ज) शिर्षक, उद्देश्य, अनुसन्धानका मुल प्रश्न, विश्लेषण गरेको सामाग्री अथवा नमुना अनि निकालेको निष्कर्षबीच तादम्यता भए नभएको ।

२) शोधपत्रको कूल पूर्णाङ्क मध्ये शोध पद्धतिमा ३० प्रतिशत, विषयवस्तुमा ५० प्रतिशत तथा भाषा र प्रस्तुती निपुर्णतामा २० प्रतिशत अंकभार रहने हुँदा शोधपत्र तयार गर्दा र सुपरीवेक्षकले सुपरीवेक्षण गर्दा यस कुरामा ध्यान दिनुपर्नेछ ।

## ८. अन्तिम बाइन्डिङपूर्व नै शोधपत्र पेस गर्नुपर्ने

१) शोधपत्र सुपरीवेक्षकले जाँची परीक्षणको निमित्त सिफारिस गरेपछि शोधपत्रको साथमा अनुसूची १ बमोजिमको सिफारिस पत्र (Recommendation Letter), अनुसूची २ बमोजिमको अनुमति पत्र (Approval Letter), अनुसूची ३ बमोजिमको स्वीकृति पत्र (Letter of Acceptance) र अनुसूची ४ बमोजिमको सम्बन्धित विद्यार्थीबाट हस्ताक्षर भएको स्वघोषणा पत्र (Letter of Declaration) राखी (प्रोगेस रिर्पोट तथा चेक लिस्ट समेत संलग्न गरी) एक प्रति रिर्सच डिपार्टमेन्टमा पेस गरी रिर्सच डिपार्टमेन्टको अनुमतिपछि शोधपत्र परीक्षण शुल्कसहित टेप बाइन्डिङ गरी तीन-तीनप्रति छुट्टै परीक्षा शाखामा पेस गर्नुपर्नेछ ।

२) उक्त शोधपत्र मूल्याङ्कनको लागि कम्तिमा १ जना बाह्य परीक्षकलाई विश्वविद्यालयको प्रक्रियानुसार पठाइनेछ । बाह्य परीक्षकले ५० अंकमा छुट्टै र गोप्य मूल्याङ्कन गर्नेछन् । त्यसरी जाँची आएको शोधपत्रमा शोधकर्ताले तीनजना विशेषज्ञ ( सुपरीवेक्षक, बाह्य परीक्षक तथा अर्को  एक विशेषज्ञ) समक्ष मौखिक परीक्षा (Viva Voce) दिनुपर्नेछ । अनुसन्धान विभागको ढाँचा अनुसार स्तरीय शोधपत्र तयार भए नभएको निरीक्षण गर्न मौखिक परीक्षाका केही सत्रहरुमा पुर्व जानकारी दिएर वा नदिएर अनुसन्धान विभागको संयोजक वा उसले अख्तियारी दिएको सदस्य समेत सहभागी हुन सक्नेछ ।

३) मौखिक परीक्षा (Viva Voce) को मूल्याङ्कन तीनजना विशेषज्ञहरूको समूहले संयुक्त रूपमा ५० अंकमा गर्नेछन् । त्यसरी मूल्याङ्कन गर्दा शोधपत्रमा कुनै खास कुरा समावेश गर्नुपर्ने देखिएमा, सच्याउनुपर्ने देखिएमा, काट्नु वा सुधार गर्नुपर्ने देखिएमा सो बमोजिम सुधार गर्न शोधपत्र पेस गर्ने विद्यार्थीलाई सात दिनको समय दिई फिर्ता गरिनेछ । सो बमोजिम काम सम्पन्न गरी विद्यार्थीले सुपरीवेक्षकलाई देखाउनु पर्नेछ र सुपरीवेक्षकले सोही बमोजिम काम सम्पन्न भएको देखेमा शोधपत्र स्वीकृत गरी सिफारिसपत्रमा सही गरी विद्यार्थीलाई सात दिनभित्र ३ प्रति हार्ड बाइन्डिङ र सफ्ट कपीसमेत परीक्षा समितिमा बुझाउन लगाउनुपर्नेछ ।

## ९. शोधपत्र अस्वीकृत हुने

शोधपत्रको लिखित ढाँचा यो विनियमावलीले तोकेको मापदण्डअनुसार नभएमा शोधपत्र अस्वीकृत हुनेछ । यसरी शोधपत्र अस्वीकृत भएपछि विद्यार्थीले पुनः अर्को प्रस्तावना र शोधपत्र मूल्याङ्कन शुल्क बुझाई तत्सम्बन्धी प्रक्रियाको थालनी गर्नुपर्नेछ ।

## १०. शोधपत्र बुझाउने अन्तिम अवधि

सामान्यतयाः विश्वविद्यालयको परीक्षा सकिएको मितिले ३ (तीन) महिनाभित्र शोधपत्र तयार गरी विद्यार्थीले बुझाउनु पर्नेछ । त्यसरी बुझाएको शोधपत्रको नतिजा प्रकाशित भएपछि सो

वर्षको शैक्षिक सत्रमा उत्तीर्ण भएका विद्यार्थीहरूको विवरण तयार हुनेछ र ती मध्येबाट उच्चत्तम अंक पाउने विद्यार्थीको नाम र प्रतिशत पहिचान गरी विश्वविद्यालयलाई जानकारी दिइनेछ । यो समयावधि नाघेर पेस भएको शोधपत्रको हकमा विद्यार्थीहरूको नाम यस स्कुलबाट घोषणा हुने योग्यताक्रमको गणनामा समावेश गरिने छैन ।

**११. अन्तिम अवधिपछि पेस हुन आएको शोधपत्र**

विश्वविद्यालयको परीक्षा सकिएको ३ (तीन) महिना भित्र विनियम १० बमोजिम शोधपत्र पेस नभएका शोधपत्रका हकमा सो शैक्षिक कार्यक्रमको असोज मसान्त, पुस मसान्त, चैत मसान्त गरी यी तीन अवधि शोधपत्रमाथि कारबाही गरिने भनी तोकिएका छन् । उल्लेखित अवधिभित्र पेस भएका शोधपत्रमाथि विश्वविद्यालयको अनुमति लिइ कलेजले आवश्यक कारबाही चलाउनेछ । शोधपत्र पेस गर्ने बित्तिकै तुरुन्त परीक्षण गरी पाऊँ भनी जुनसुकै कारण देखाई विद्यार्थीले कलेजमा वा विश्वविद्यालयमा सम्पर्क राखी ताकेता गर्न पाउने छैनन् ।

**१२. संशोधन हुने**

यस विनियमावलमा कलेजको व्यवस्थापन समितिले कलेजको निर्देशिकासँग प्रतिकूल नहुने गरी आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१३. खारेजी**

काठमाडौं स्कुल अफ ल शोधपत्र तथा समसामयिक लघु शोधपत्र कार्यपत्र तयारी एवम् प्रस्तुती सम्बन्धी विनियमावली, २०६८ को शोधपत्र सम्बन्धी सम्पूर्ण व्यवस्था खारेज गरिएको छ ।

**१४. बचाउ**

काठमाडौं स्कुल अफ ल शोधपत्र तथा समसामयिक लघु शोधपत्र कार्यपत्र तयारी एवम् प्रस्तुती सम्बन्धी विनियमावली, २०६८ अनुसार शोधपत्रका विषयमा गरिएका सम्पूर्ण कामकारबाहीहरू यसै विनियमावली बमोजिम भएगरेको मानिनेछन् ।

**१५. विविध**

यस विनियमावलीमा प्रस्टसँग व्याख्या हुन नसकेको विषयमा त्यसको निराकरण कलेजले तोकेको उद्दरण निर्देशिकामा उल्लेख भएको खण्डमा उक्त हदसम्म सोही अनुसार हुने र त्यहाँ पनि कुनै निश्चित प्रावधान नवताईएको अवस्थामा आवश्यकताको आधारमा पछि निर्णय गरिए बमोजिम हुनेछ ।

अनुसूची १

(विनियम ८ (१) सँग सम्बन्धित)

# RECOMMENDATION LETTER

The Dissertation titled "……………………………… " submitted by Mr./Mrs./Miss ……………………..……………… has been examined thoroughly. I have found the Dissertation in conformity to the required standard prescribed by the University. It is recommended for External Examination.

………………

**Name of Supervisor:**

**Designation:**

**Date:**

अनुसूची २

(विनियम ८ (१) सँग सम्बन्धित)

# APPROVAL LETTER

This is to certify that the Dissertation entitled "……………………………… " submitted by Mr./Mrs./Miss …………………..……………… is in conformity to the rules and criteria of the Purbanchal University regarding dissertation. It is, therefore, forwarded for the External Examination as per the rule of the University.

| | |
|---|---|
| …………………..………. | ……………………………… |
| **NAME OF COORDINATOR** | **NAME OF PRINCIPAL** |
| **Coordinator, Research Department** | **Principal** |
| **Kathmandu School of Law** | **Kathmandu School of Law** |
| **Date:** | **Date:** |

## अनुसूची ३

## (विनियम ८ (१) सँग सम्बन्धित)

**Purbanchal University**

**Through**

**Katmandu School of Law**

**Suryabinayak-4, Bhaktapur**

# LETTER OF ACCEPTANCE

This Dissertation entitled"………………………………………" submitted by Mr./Mrs./Miss ………………. has been accepted after Viva Voce Examination by a Team of three-member Experts as partial fulfillment of the requirement for the *Master's Degree of Laws* in Human Rights and Gender Justice/Criminal Law and Justice/Business and International Trade Law/International Law/ *Bachelor's Degree of Laws / Master's Degree in Conflict and International Humanitarian Laws.*

**Expert Committee:**

1. Name…………………………………

   Designation…………………………..
   Signature ………………………….

2. Name…………………………………

   Designation…………………………..
   Signature ………………………….

3. Name…………………………………

Designation…………………………..
Signature ………………….

**VIVA-VOCE Date:**

अनुसूची ४

(विनियम ८ (१) सँग सम्बन्धित)

# LETTER OF DECLARATION

I, ……, hereby, declare that this dissertation entitled **"……………..."** submitted in partial fulfillment of the ….. Degree, under the Faculty of Law, Purbanchal University, is my original work; and it has not been either submitted anywhere for the award of any other degrees or published for any of commercial purposes elsewhere. All other scholars mentioned in this report are ethically cited as per KSL guidelines and dully acknowledged.

I shall be ready to bear any of the charges or penalties if found any guilty in this Dissertation.

…………………..

**Name:**

PU Regd. No: XXX-X-X-XXXXX-XXXX

Kathmandu School of Law